# छत्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चोयगा, गुल्मी

प्रदेश नं. ५ नेपाल


प.स. ०७६/७७

च.नं. ७२

मितिः २०७७०४।०५

**श्री वडा कार्यालय सबै**
**छत्रकोट गाउँपालिका, गुल्मी ।**

**विषयः <u>बेरोजगार व्यक्तिहरुको निवेदन संकलन गर्ने सम्बन्धमा ।</u>**

प्रस्तुत विषयका सम्बन्धमा यस गाउँपालिकामा रहेका वेरोजगार व्यक्तिहरुले न्यूनतम रोजगारीमा संलग्न हुन चाहेमा रोजगारीमा संलग्न हुन चाहेको आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षको चैत्र मसान्तसम्ममा निवेदन दिनुपर्ने व्यवस्था रहेको छ । आर्थिक वर्ष २०७७।७८ मा रोजगारीमा संलग्न हुन चाहने व्यक्तिहरुले २०७६ चैत्र मसान्तसम्म निवेदन दिइसक्नुपर्नेमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण २०७६ चैत्र ११ गतेदेखि जारी लकडाउनका कारण बेरोजगार व्यक्तिहरुले निवेदन दिन नपाएको अवस्था छ । श्रम तथा रोजगार मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको च. नं. १७५ मिति २०७७।०३।३० को पत्रअनुसार बेरोजगार व्यक्तिहरुले निवेदन दिने म्याद २०७७ साउन ८ गते देखि ऐ. भाद्र ७ गते सम्म तोकीएको हुनाले सोही बमोजिम त्यस वडामा रहेका बेरोजगार व्यक्तिहरुको निवेदन संकलन गरी मिति २०७७ भाद्र १0 गते सम्म यस कार्यालयमा रहेको रोजगार सुचना केन्द्रमा पठाउने व्यवस्था गर्नुहुन अनुरोध छ ।

२०७७/४/५
भेषराज पन्थ

प्रमुख प्रशासकीय अधिकृत


फोन नं. - ९८५७०६७९०८ | ईमेल - info@chhatrakotmun.gov.np | Website: www.chhatrakotmun.gov.np